# महालेखा परीक्षकको कार्यालय
**Office of the Auditor General**
डोरमुकाम कपिलवस्तु

Phone: 4262381
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu NEPAL


अछाबे

पत्र संख्याः २०७५।७६
च.नं. ९१

मितिः २०७५।९।१

विषयः **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुखज्यू,
विजयनगर गाउंपालिकाको कार्यालय,
कपिलवस्तु ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७४।७५ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७५।८।२८ मा छलफल पश्चात् तयार गरिएको पाना ११ को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

<u>बोधार्थ तथा कार्यार्थः</u>
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार,काठमाडौं । :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
कपिलवस्तु । :- प्रतिवेदन संलग्न छ ।

(घनश्याम बजगाई)
निर्देशक

स्थानीय निकायको नाम : विजयनगर गाउँपालिकाको कार्यालय, खुरुहुरिया, कपिलवस्तु ।

| | नाम | कार्यरत अवधि | | वेरुजू रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत श्री रबिन्द्र प्रसाद चौधरी | ०७४ श्रावण | ०७५ आषाढ | |
| लेखा प्रमुख | लेखापाल श्री लक्ष्मण भट्टराई | ०७४ श्रावण | ०७५ आषाढ | |

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गन विजयनगर गाउंपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो विजयनगर गाउंपालिका अर्न्तगत ७ वटा वडा रहेको, ३९ जना सभासदस्य, १७३.१९ व.कि.मी. क्षेत्रफल, ३६९३७ जनसंख्या र ५ नं. प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस गाउंपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | १६०७४७१८४।२५ |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | २००३५९२८९।०० |
| | ख) बैंक | ८०७०१३१।९२ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | ७२४७४७३।१९ | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | | ४ | **लगानी** | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | ऋण लगानी | |
| | क)वित्तीय समानीकरण अनुदान | २३०३५५००।०० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | ७०४०४०००।०० | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | | ५ | **धरौटी फिर्ता** | १८५५१००।०० |
| | घ) अन्य अनुदान | ५८६१५३८५।०० | ६ | **कोष खर्च** | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ७ | **मौज्दात** | |
| | क)वित्तीय समानीकरण अनुदान | | | क) नगद मौज्दात | |
| | ख) सशर्त अनुदान | | | ख) बैंक मौज्दात | १३५८५५१९।८६ |
| | ग) समपूरक अनुदान | | | धरौटी मौज्दात | ३२३४२९६।०० |
| | घ) विशेष अनुदान | | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | |
| | क) ऋण प्राप्ति | | | | |
| | ख) साँवा प्राप्ति | | | | |
| | ग) ब्याज प्राप्ति | | | | |
| | घ) अन्य प्राप्ति | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| १० | **धरौंटी आय** | ५०८९३९६। | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | |
| १२ | **अन्य विविध आय** | | | | |
| | **जम्मा** | **३७९७८१३८६।११** | | **जम्मा** | ३७९७८१३८६।११ |


| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु | फछ्यौंटको विवरण |
|---|---|---|---|
| | कोषको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नअनुसार रहेका छन् :<br>**असूली :** लेखापरीक्षणको क्रममा केन्दीय अनुदानका बांकी रकमहरु संघीय कोषमा दाखिला गर्नु पर्नेमा स्थानीय कोषमा रहेको विभिन्न शिर्षकको रु. १,०२,५२,९५४।७२, सामाजिक सुरक्षा भत्ता पेश्की फछ्यौंटबाट रु. ८,५९,७००।- र घटी पेश्की फछ्यौंट गरेको रु. १०,४००।–, अग्रिम कर दाखिला रु. २,८२,७२६।०० रठेक्दारलाई बढी भुक्तानी भएको रु.१२,५०,०००।०० समेत जम्मा रु.१,२६,५५,७८०।७२ असूल भै वेरुजु खातामा दाखिला भएको छ । | | |
| १ | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानुन वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । यस गाउंपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई लिखित अख्तियारी दिएको पाइएन भने प्रमुख प्रशासकीय अधिकृतले पनि १५ दिन भित्र वडा सचिवलाई अख्तियारी दिएको पाइएन । | | |
| २ | **वजेट पेश गर्ने तथा पारित गर्ने:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था भएकोमा मिति २०७।६।२ मा मात्र सभा बसी बजेट स्वीकृत गरेको पाइयो । | | |
| ३ | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सन्चालन ऐन, २०७४ का विभिन्न दफाहरुमा उल्लेख भएका व्यवस्था लगायत अन्य प्रचलित कानुनमा व्यवस्था भएका व्यहोराहरु कतिपय पालना नभएका र कतिपय दफाहरुमा उल्लेख भएका प्रावधानहरु आंशिक रुपमा पालना भएको देखियो अतः पालना नभएका व्यवस्थाहरु र आंशिक रुपमा मात्र पालना भएका व्यवस्थाहरु सुधार गर्दै आगामी दिनहरुमा लागू गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखियो । आन्तरिक नियन्त्रण चुस्त बनाउन निम्न व्यहोराहरु पूर्ण रुपमा पालना गर्नु पर्ने देखिन्छ ।<br>(क) शिक्षक तथा कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नभएको ।<br>(ख) एकै व्यक्तिलाई पटक पटक पेश्की दिने गरेको ।<br>(ग) जिन्सी दाखिला रिपोर्टमा जिन्सी खाता पाना नं. उल्लेख नभएको ।<br>(घ) अग्रिम कर कट्टि समयमै दाखिला नगरेको ।<br>(ङ) उपभोक्ता समिति तर्फ निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने नगरेको ।<br>(च) सामाजिक सुरक्षा भत्ता तर्फको व्यवस्थापन सूचना प्रणाली (MIS) लागू नगरेको । | | |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु | फछ्यौंटको विवरण |
|---|---|---|---|
| | (छ) घरको नक्सा पास व्यवस्था लागु गर्नु पर्ने र भवन निर्माण आचारसंहिता कार्यान्वयन गर्नु पर्ने ।<br>(ज) एकीकृत सम्पत्ति करको अभिलेख राख्ने व्यवस्था गर्नु पर्ने ।<br>(झ) साविक स्थानीय निकायको सम्पत्ति प्राप्ती र व्यवस्थापन गर्नु पर्ने ।<br>(ञ) स्थानीय तहको सरकारी सामुदायिक तथा सामाजिक सम्पत्तिको संरक्षण गर्नु पर्ने ।<br>(ट) अधुरा योजना चालु वर्षको कार्यक्रमा समावेश गर्न पर्ने ।<br>(ठ) नागरिक वडापत्रमा सेवा प्रवाहको लागि लाग्ने दस्तुर, समय, जिम्मेवार कर्मचारी किटान गरी प्रकाशन गर्नु पर्ने ।<br>(ड) विषयगत सशर्त अनुदानको स्थिति र सशर्त अनुदानको रकम फ्रिज नगरी स्थानीय तहको संचित कोष दाखिला गरेको पाइयो ।<br>(ढ) फोहरमैला व्यवस्थापन सम्वन्धमा जनचेतना अभिवृद्धि संचालन गर्नु पर्ने । | | |
| ४ | **लक्ष्य प्रगतिको स्थिति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्लास्तरिय तथा केन्द्रियस्तरिय आयोजना मध्ये सबै आयोजनाको उपर्युक्त नियमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । | | |
| ५ | **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १० प्रतिशत, दोश्रो चौमासिकमा २०. प्रतिशत र तेश्रो चौमासिकमा ७० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा ४० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सनतुलित खर्च व्यवस्थापन भएको देखिएन । | | |
| ६ | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकामा रहने कर्मचारी दरवन्दी ५२ रहेपनि पदपूर्ति १८ रहेको देखियो । पद रिक्त ३४ रहेका छन । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन । | | |
| ७ | **राजश्व अभिलेख :** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी Online को व्यवस्था गर्नु पर्नेमा सो गरेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा विशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | | |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| ८ | **स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | | |
| ९ | **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउनुको साथै कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको पाइएन । | | |
| १० | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । व्यवस्था स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सभाको निर्णयानुसार भनि यो आर्थिक वर्षमा एकमुष्ठ रु.१ लाख छुट्याइएको छ । तर विधिवत रुपमा कर्मचारी कल्याण कोष स्थापना भएको छैन । | | |
| ११ | **व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउंपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्न सूचना जारी गरेकोमा कुनै पनि व्यवसायी दर्ता हुन नआएको उल्लेख छ । गाउंपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | | |
| १२ | **अन्य कार्यालयको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ । कार्यालयले जिल्ला सरकारी वकील कार्यालय, कपिलवस्तुको लागि फर्निचर वापत गो.भौं.नं.१५८ मिति ०७५।३।३१ बाट रु. ५५,२८५।२५ भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु. ... | ५५,२८५।२५ | |
| १३ | **तलवी प्रतिबेदन** : निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले प्रशासन तर्फका कर्मचारीको तलब रु. ७८,५६,०००।– खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | | |
| १४ | **विद्युतीय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलब्ध गराई यस गाउंपालिकाले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी | | |

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>वेरुजु रकम रु</th><th>फछ्र्यौटको विवरण</th></tr>
<tr><td></td><td>लेखा राख्नुपर्ने व्यवस्था छ । सफ्टवेयरले पेश्कि रकमलाई दोहोरो वजेट खर्च देखाउने, भौचरहरु सहज तरिकाले परिमार्जन गर्न मिल्ने देखिएकोले विद्युतीय प्रणालीमा राखिएको लेखा भरपर्दो देखिएन ।</td><td></td><td></td></tr>
<tr><td>१५</td><td>न्याय सम्पादन- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहका मुद्दा मामिला फछ्र्यौट गर्ने अधिकार गाउंपालिकाको न्यायिक समितिलाई दिएकोमा समितिमा १४५ मुद्दा दर्ता भै १२४ फछ्र्यौट भै २१ बाँकी रहेको विवरण प्राप्त भएको छ ।</td><td></td><td></td></tr>
<tr><td>१६</td><td>विशेष भत्ता - नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । केन्द्रीय चालु अनुदानबाट यस आर्थिक वर्षमा विभिन्न कर्मचारीलाई विशेष भत्ता तलबको ५० प्रतिशत समेत रु.२२,४४,०००।०० खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधरित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेखेको रकम नियमित देखिएन ।</td><td></td><td></td></tr>
<tr><td>१७</td><td>पेश्की - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार जुन प्रयोजनको लागि पेश्की लगेको हो सो पूरा भएपछि पेश्की फछ्र्यौट हुनु पर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार गाउंपालिकाको २ जना कर्मचारीलाई गएको रु.८,९१,०००।०० फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु.
<table>
<tr><th>पेश्की मिति</th><th>नम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>०७५।३।३२</td><td>सुवास चन्द्र बरइ</td><td>भ्रमण</td><td>७९१,०००।००</td></tr>
<tr><td>०७५।३।१८</td><td>रमेश कुमार त्रिपाठी</td><td>भ्रमण</td><td>१००,०००।००</td></tr>
</table>
विद्यालय शिक्षक तलव खर्च</td><td>८,९१,०००।००</td><td></td></tr>
<tr><td>१८</td><td>विभिन्न विद्यालयमा संचालन गरिने कार्यक्रम लगायतका अतिरिक्त क्रियाकलापहरुमा हुने खर्च वापत सम्वन्धित विद्यालयलाई नै निकासा दिइने र केही कार्यक्रमहरु सम्वन्धित गाउंपालिकाबाटै संचालन गर्नु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७४ मा छ । यस गाउंपालिकाबाट विभिन्न विद्यालयको वार्षिक कार्यक्रम लगायतका निम्नानुसार कार्यक्रम संचालनका लागि जुडपातीया श्रोत केन्द्रका श्रोतव्यक्ति श्री बनारसी लाल गुप्तालाई पेश्की दिई कार्यक्रम संचालन गरेको पाइयो । यसरी श्रोतव्यक्तिले माग गरेको आधारमा पेश्की रकम दिई कार्य संचालन गरिनु उपयुक्त देखिएन ।</td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>वेरुजु रकम रु</th><th>फछ्यौंटको विवरण</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>भौ.नं तथा मिति</th><th>पेश्की रकम</th><th>कार्यक्रम</th></tr>
<tr><td>६, ०७४।९।३</td><td>२,००,०००।००</td><td>वि.व्य.स.अध्यक्षको क्षमता वृद्धि लगायतको ४ कार्यक्रम संचालन</td></tr>
<tr><td>७, ०७४।९।१२</td><td>५०,०००।००</td><td>शैक्षिक भ्रमण कार्यक्रम</td></tr>
<tr><td>९, ०७४।११।१६</td><td>२,००,०००।००</td><td>C.L.C. संचालन</td></tr>
</table>
</td><td></td><td></td></tr>
<tr><td>१९</td><td>भौ.नं ९, ०७४।११।१६ (क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले रु. २०,०००।०० भन्दा बढीको सामान खरिद गर्दा अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता भएको विक्रेताबाट गर्नु पर्ने व्यवस्था छ । जुडपातीया श्रोतकेन्द्रका श्रोतव्यक्ति श्री बनारसीलाल गुप्ताको विभिन्न रकम पेश्की फछ्यौंट भएको प्रमाण कागजात परिक्षण गर्दा निम्नानुसार भएको पाइएको हुंदा उक्त खरिद कार्य नियमसम्मत नदेखिएको रु. ...
<table>
<tr><th>विवरण</th><th>रकम</th><th>व्यहोरा</th></tr>
<tr><td>फ्लेक्स प्रीन्ट १४४ वटा</td><td>७२,०००।००</td><td>एउटै विक्रेताबाट ४ वटा विलबाट खरिद</td></tr>
<tr><td>निर्देशिका ६३० थान</td><td>७५,०००।००</td><td>एउटै विक्रेताबाट ४ वटा विलबाट खरिद</td></tr>
<tr><td>जम्मा</td><td>१,४७,६००।००</td><td></td></tr>
</table>
</td><td>१,४७,६००।००</td><td></td></tr>
<tr><td></td><td>(ख) आर्थिक ऐन, २०५८ अनुसार रु.५०,०००।०० भन्दा माथिको भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टि गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ। श्रोतव्यक्ति बनारसी लाल गुप्ताले माथि (क) मा उल्लेखित खरिदमा १.५ प्रतिशत अग्रिम कर कट्टि गरेको नपाइएकोले सो कर असूल गर्नु पर्ने रु. ...<br><u>सीमा क्षेत्र विकास कार्यक्रम (पुजीगत)</u></td><td>२,२१४।००</td><td></td></tr>
<tr><td>२०</td><td>भौ.नं. ६, ०७५।३।३२ : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार रु. १ करोडसम्मको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । साथै निर्माण कार्यको इष्टिमेट गर्दा आवश्यक र उचित ढंगले गरी कार्य सम्पन्न भएको निर्माण कार्यको मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था समेत सोही नियमावलीमा गरिएको छ । कार्यालयले कइनिहवा दोभानमा स्ल्याव कल्भट पुल निर्माण कार्य सम्पन्न भनी रु. १९,८८,०००।०० उपभोक्ता समूहलाई भुक्तानी दिएको छ ।साथै ०७५।८।२७ मा सो को फिल्ड निरीक्षण गर्दा कार्य अपूरो रहेको पाइयो । तर BOQ अनुसार क्र.सं. ८ को व्याक फिलिंग गर्ने काम १०१४ घ.मि.र ग्राभेल विछ्याउने कार्य ८० घ.मि. को कुनै कार्य भएको नपाइनुको साथै व्याक फिलिंगको र ग्राभेलको कुनै कार्य नै नभएको हुंदा सो वापत खर्च लेखेको रु. २,८७,०३१।०० सम्वन्धितबाट असूल गर्नु पर्दछ रु. ...</td><td>२,८७,०३१।००</td><td></td></tr>
</table>

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु | फछ्यौंटको विवरण |
|---|---|---|---|
| |  | | |
| | **<u>सामानिकरण चालु (व.उ.शि.नं.८०१६६२३)</u>** | | |
| २१ | गो.भौ.नं.२, १४५, १६६ बाट यस गाउ कार्यपालिकाको मिति २०७४।५।१९ मा बसेको वैठकबाट निर्णय नं.२ अनुसार गत आर्थिक वर्षमा यस गाउंपालिकाबाट खाइपाई आएको कर्मचारीको भत्ता सुविधा कटौती हुने छैन । साथै सरकारी तलव मान भन्दा न्यून तलव भएका कर्मचारीहरुको तलव मान सरकारी स्केल अनुसार मिलान गरिने छ र आगामी वर्षमा कर्मचारीको कार्य सम्पादनमा आधारित तलव भत्ता प्रणाली अवलम्वन गरिने छ भनी निर्णय गरेको छ । यसरी निर्णय गर्दा रु.१२,८२,८००।०० खर्च भएको सम्वन्धमा यस जिल्लामा भएका अन्य गाउंपालिकामा के कस्तो सेवा सुविधा दिंदै आएको हो सो समेतलाई ध्यान दिनु पर्ने देखिन्छ । | | |
| २२ | **<u>सामानिकरण पूंजीगत (व.उ.शि.नं.८०१६६२४)</u>** | | |
| २२.१ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ वमोजिम खरिद संभौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र निर्माण व्यवसायीले निर्माण भए वमोजिमको एजविल्ट नक्सा तयार गरी सार्वजनिक निकायमा पेश गर्नु पर्ने र स्वीकृत ड्इंग, डिजाइन, स्पेशिफिकेशन वमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जांचवुभ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । तर यस कार्यालय मातहत विभिन्न वडाहरुमा उपभोक्ता समिति मार्फत संचालित कुनै पनि आयोजनाको एजविल्ट नक्सा र कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । केही आयोजनाहरु यस प्रकार छ : | | |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु | फछ्र्यौटको विवरण |
|---|---|---|---|

| वडा नं. | विवरण | कार्य सम्पन्न अंक |
|---|---|---|
| १ | मधनगरामा ओभरहेड टैंक निर्माण | १२७५,२१८।०० |
| ३ | PCC सडक निर्माण कडियार | १६५८,७६६।०० |
| ४ | सडक स्तरोन्नति झुलनिया–वर्गदवा | ५९५,६६३।०० |
| ५ | सडक RCC कल्भर्ट कटुवागाउं | ८००,०००।०० |
| ६ | छुटपाटीदेखि कचहरीसम्म सडक निमाण | १४९६,५५३।०० |
| ७ | दत्तपुर सडक PCC गर्ने | १२३३,७९६।०० |
| | जम्मा | ७,०५९,९९६।०० |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| २३ | गो.भौ. २१५, ०७५।३।३१ : मधनगरा वडा नं.१ मा ओभरहेड पानी टैंकी वनाउनको लागि रु. १५ लाखको कार्यक्रम गाउंसभावाट पास भएको थियो । उक्त कार्यक्रम सम्पन्न गर्न रु. १२,८०,०००।०० को लागत अनुमान तयार भै उपभोक्ता समितिसंग संझौता भएकोमा निर्माणका कार्य गर्ने सिलसिलामा स्थानीय जनताको माग वमोजिम भनी गाउंसभाबाट पूर्व निर्धारित कार्यक्रमलाई सभाबाटै संशोधन नगराई RCC ओभरहेट टैंकीको सट्टा पानी वोरिंग गर्ने भनी ३५० फिट गहिराईमा पाइप गाडेको देखियो । एकातर्फ सभाबाट कार्यक्रम संशोधन नगराई वोरिंगको काम गरेको, अर्कोतर्फ ०७५।८।२७ मा डोरबाट कार्यस्थलको निरीक्षण गर्दा काम अपूरो छोडेको देखियो । साथै जनताको सहभागिता लिएको देखिएन । अतः कार्यक्रम संशोधनको विधि नपुऱ्याएको, काम अधूरो छोडेको र जनसहभागिताको अंश नराखी नापी कार्य गरेको हुंदा लक्षित योजना अपूरो देखिएको रु. ... | १२,७५,२१८।०० | |
| २४ | ठेक्का नं.८, २०७४।७५ : मैनारी–महदैया सडक कालोपत्रे गर्ने भनी मू.अ.कर वाहेक रु. ५१,५६,७८८।०० को लागत अनुमान तयार गरी टेण्डर प्रक्रियाद्वारा निर्माण व्यवसायी शिवम कन्स्टक्सन वसन्तपुर, कपिलवस्तुसंग मिति ०७४।१।१० मा १ वर्ष अवधि भएको रु. ५८,२३,४६४।०० (मू.अ.कर समेत) को ठेक्का संझौता भएको थियो । निर्माण व्यवसायीले कालोपत्रेका मुख्य आइटमहरु वेशकोर्शको काम रु. ४,३२,०००।००, प्राइमकोटको काम रु. २,३४,०००।००, प्रिमिक्स कार्पेटिंग र कम्पेक्सनको काम रु. १,६२,०००।०० र सोल्डर निर्माणको काम रु. ४५,०००।०० समेत जम्मा रु. ८,७३,०००।०० को काम नगरी सोही वरावरको रकमको माटो कटिंग, स्ल्याव कल्भर्ट र रिटनिंग वाल तथा फिलिंग जस्ता सजिलो काम गरी पूरै रकम मू.अ.कर समेत रु. ५८,२३,२५०।०० भुक्तानी भएको छ । अतः ठेक्काको ल.ई.तयार गर्दा नै गर्नु पर्ने कार्य यकिन नगरी अगाडि बढाइएका ४ आइटमको रकम नियमसम्मत नदेखिएको रु. ... | ८,७३,०००।०० | |

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजु रकम रु | फछ्यौटको विवरण |
|---|---|---|---|
| २५ | **सवारी साधन खरिद :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १२३ बमोजिम कुनै पनि आर्थिक दायित्व पर्ने नयां विषयमा निर्णय गर्दा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था उल्लेख छ । यसैगरी २०६५।८।१५ को मन्त्रिपरिषदको निर्णय अनुसार पनि कुनै निकायले नयाँ सवारी साधन खरीद गर्दा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्ने निर्णय गरी परिपत्र गरेको छ । यस गाउंपालिकाले यस आर्थिक वर्षमा एउटा स्कार्पियो जीप खरिद गरी लोक शुशिला अटो कन्स्ट्रक्सन, रुपन्देहीलाई रु. ४९,६०,०००।०० खर्च लेखेकोमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिएको देखिएन । अतः यस्तो खरिदलाई नियमसम्मत मान्न नसकिएको रु. ... | ४९,६०,०००।०० | |
| २६ | भौ.नं २३२, ०७५।३।३२ : एफ.एम.साझेदारी कार्यक्रम अन्तर्गत स्थानीय एफ.एम.लाई प्रवर्द्धन गर्न भनी यस आर्थिक वर्षमा रु. १० लाखको अनुदान कार्यक्रम राखिएकोमा यस कार्यालयले "विजयनगर समाज" नामक गैर सरकारी संस्थालाई उक्त रकम भुक्तानी दिएको देखिन्छ । उक्त अनुदानको फायल परीक्षण गर्दा उक्त संस्था मिति २०७५।१।१९ मा जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुमा संस्था दर्ता भएको, जसको काम "अन्य सामाजिक तथा सामुदायिक सेवाहरु" गर्ने रहेको र आन्तरिक राजस्व कार्यालय, कृष्णनगरमा ०७५।१।२० मा PAN दर्ता भएको देखिन्छ । तर एफ.एम.रेडियो स्थापना गर्न सूचना तथा संचार मन्त्रालय र रेडियो नेपालबाट फ्रिक्वेन्सी अनुमति लिनु पर्नेमा सो नलिएको र लेखापरीक्षणको अवधि २०७५।८।२७ मा उक्त एफ.एम. संचालन भएको नपाइएकोले कर कटाइ अनुदान दिएको रकम फिर्ता लिई बेरुजु खातामा दाखिला गर्नु पर्ने रु. ... | ९,८५,०००।०० | |
| | **<u>सामाजिक सुरक्षा भत्ता</u>** | | |
| २७ | सामाजिक सुरक्षा कार्यक्रम सन्चालन कार्यविधि, २०७२ को बुंदा १७ बमोजिम केन्द्रीय पंजीकरण विभागको मिति ०७४।४।६ को पत्रानुसार व्यवस्थापन सूचना प्रणाली (MIS) अद्यावधिक गरी भत्ता वितरण गर्नु पर्नेमा सो नगरी लगत किताबको आधारमा लाभग्राहीहरुलाई साजिक सुरक्षा भत्ता वितरण गरेको छ । | | |
| २८ | योजना अनुसार निकासा गएको आधारमा पहिलो र पांचौं स्थानमा पर्ने वडाको लगत परीक्षण गर्दा जगदिशपुर वडा नं.३ मा दलित बालवालिकाको लगत पेश नभएको र गणेशपुर वडा नं. ७ ले लगतमा उल्लेख भए भन्दा प्रथम चौमासिकमा २१, दोश्रो चौमासिकमा २९ र तेश्रो चौमासिकमा ६ जना गरी ४६ जना वालवालिकालाई भत्ता वितरण गरेको भर्पाइ पेश गरेको छ । यसरी लगत अद्यावधिक वेगर जगदिशपुर वडा नं. ३ ले प्रथममा ९९, दोश्रोमा १०५ र तेश्रोमा १०९ गरी ३१३ लाई वितरण खर्च लेखेको जम्मा रु. ४,८५,६००।०० र गणेशपुर वडा नं. ७ ले वितरण खर्च लेखेको जम्मा रु. ७३,६००।०० समेत नियमित नदेखिएको कुल जम्मा रु. ... | ५,५९,२००।०० | |
| २९ | जगदिशपुर वडा नं. ३ ले लगतमा "मृत्यु", "सम्पर्कमा नआएको", "वसाइ सरिगएको" जस्ता कैफियत जनाएका व्यक्तिहरुको नाममा भत्ता वितरण गरेको छैन । तर सम्पर्कमा नआएको कैफियत उल्लेख भएको निम्न लाभग्राहीहरुको अभिलेख पूर्ण नहुनुको साथै भत्ता वितरण गरेको देखाएकोले ती लाभग्राहीहरुको अभिलेख पूर्ण भएको प्रमाण पेश गर्नु पर्ने अन्यथा असूल गर्नु पर्ने रु. ... | १,०८,०००।०० | |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु | फछ्यौंटको विवरण |
|---|---|---|---|

| नागरिकता नं. | लाभग्राहीको नाम | वितरण रकम | चौमासिक | कैफियत |
|---|---|---|---|---|
| २२५२ | रहिसा मुसलमान, जे.अ. | ८०००।०० | प्रथम | फोटो नटांसिएको र बुवा वा पती वा पत्नीको नाम उल्लेख नभएको |
| ३०१६ | फते मो० , जे.अ. | ८०००।०० | प्रथम | |
| २१७० | रामरति बनिया, जे.अ. | ८०००।०० | प्रथम | |
| ७०० | खैरुन निसा, जे.अ. | ८०००।०० | प्रथम | |
| ९९३ | अवतारी कोरी, जे.अ. | ८०००।०० | प्रथम | |
| ३८२०६३ | सन्तोला अहिल, जे.अ. | १६०००।०० | प्रथम र दोश्रो | |
| १४९ | मंगल प्रसाद पासी जे.द. | ८०००।०० | प्रथम | |
| ४।१४ | सुखना पासी, एकल | १२०००।०० | पूरै | |
| ३२९७ | खैरुन निसा, एकल | ८०००।०० | प्रथम | |
| ३२५३ | सविरा मुसलमान, एकल | ८०००।०० | प्रथम | |
| ५३६ | अनरा केवटिन, एकल | ४०००।०० | प्रथम | |
| ३८३०६३ | पुना गुरुंग, एकल | १२०००।०० | पूरै | |
| | जम्मा | १०८,०००।०० | | |

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु | फछ्यौंटको विवरण |
|---|---|---|---|
| ३० | जगदिशपुर वडा नं. ३ का ना.प्र.प.नं.३८३२३९ सोमना कोरी (जे.दलित) को नाममा प्रथम चौमासिक भत्ता वितरण गर्दा सिं.नं.३१ मा रु. ४०००।०० र सि.नं.४८ मा रु. ४०००।०० गरी दोहोरो भुक्तानी भएको देखिएकोले एउटा रकम सम्वन्धितबाट असूल गर्नु पर्ने रु. ... | ४,०००।०० | |
| | **आ.ले.प.बाट देखिएका व्यहोराहरु म.ले.प.अवधिसम्म पनि फछ्र्यौट भएको नदेखिएकोले निम्नानुसार कायम गरिएको छ :** | | |
| ३१ | वडा सचिव श्री गणेश गुरागाईले प्रथम चौमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरी भर्पाइ पेश गरेकोमा वडा नं. २ को रु. ८०००।०० र वडा नं. ५ को रु. १६,०००।०० गरी जम्मा रु. २४,०००।०० को भर्पाइ पेश नभएकोले निजबाट असूल गर्नु पर्ने रु. . | २४,०००।०० | |
| ३२ | वहुपक्षिय पोषण कार्यक्रम अन्तर्गत प्रा.स. श्री रामप्रसाद अधिकारीको रु. ४७००५०।०० पेश्की फछ्र्यौट भै रु. ३५,०००।०० भुक्तानी भएकोमा उक्त कार्यक्रममा कुखुराको दाना चल्ला ढुवानी वापतको रु. ५६७६५।०० को रु. १० प्रतिशतले हुने रकम ५६७७।०० र अग्रीम कर रु. ४८७१।०० गरी जम्मा रु. | १०,५४८।०० | |
| ३३ | भौ.नं. २१७, ०७५।३।३१ : ह्युम पाइप खरीद वापत कपिलवस्तु कंक्रिट इण्डटिज प्रा.लि. लाई ढुवानी भाडा वापत रु. १,११,०१८।०० भुक्तानी दिंदा वहालकर कट्टी नगरेकोले १० प्रतिशतले हुने रु. ११,१०२।०० असूल गनु पर्ने रु. ... | ११,१०२।०० | |

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>वेरुजु रकम रु</th><th>फछ्यौंटको विवरण</th></tr>
<tr><td>३४</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्यौंट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :
<table>
<tr><th>गत वर्षको बेरुजु रकम (रु.) (A)</th><th>यो वर्ष फछ्यौंट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
<tr><td>१०६३,७७१।००</td><td>६३३,६००।००</td><td>४३०,१७१।००</td></tr>
</table>
(D) उपरोक्त बेरुजु फछ्यौटबाट कुनै बेरुजु देखिएन ।</td><td></td><td></td></tr>
<tr><td>३५</td><td>अद्यावधिक बेरुजु स्थिति : गाउंपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्यौंट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><th>गत वर्षसम्मको फछ्यौंट गर्न बाँकी (रु.) (C)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)</th><th>यो वर्षको कायम बेरुजु रु. (E)</th><th>बाँकी (F= C+D+E)</th></tr>
<tr><td>४३०,१७१।००</td><td>०</td><td>१०१९३,१९८।२५</td><td>१०,६२३,३६९।२५</td></tr>
</table>
उल्लेखित ऐन बमोजिम फछ्यौंट गर्न बाँकी सम्पूर्ण बेरुजु असुल फछ्यौंट गरिनु पर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>३६</td><td>वित्तीय जवाफदेहिता मूल्यांकन गर्दा यस कार्यालयको प्राप्त अंक ५६ प्रतिशत मात्र हुन गई राम्रोस्तरको "C" मा ग्रेडिंग हुन सफल भएको छ । आगामी दिनमा सुधार गरी अति उत्तम र धेरै राम्रो तर्फ पुग्ने गरी सुधार गर्नु पर्ने देखियो ।</td><td></td><td></td></tr>
</table>